स्थानीय सरकार

# गंगाजमुना गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

फुलखर्क, धादिङ

बागमती प्रदेश, नेपाल

मिति :२०७७/०६/०४

**सामुदायिक तथा संस्थागत विद्यालयमा पठनपाठन सूचारु गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

यस गाउँपालिकाको मिति २०७७/०४/३० को ६७ औं कार्यपालिकाको बैठकबाट विश्वभर महामारी तथा संक्रमणको रुपमा फैलिरहेको कोभिड-१९ को कारणले गर्दा विगतका दिन देखि नै शैक्षिक संस्थाहरु बन्द रहेको अवस्थामा आगामी दिनमा नेपाल सरकारको निर्णय एवं अनुकुल परिस्थितिलाई मध्यनजर गरी गाउँपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा तोकिएका कुनै पनि शिक्षण सिकाइ विधि तथा प्रक्रिया अपनाई नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तय गरेको स्वास्थ्य प्रोटोकल अवलम्बन गरी पठनपाठनका गतिविधि संचालन गर्ने र विद्यालयबाट संचालन गरेका शैक्षिक गतिविधिका प्रगति प्रतिवेदन गाउँपालिकाको, शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने भनी निर्णय भए अनुरुप हाल नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/०५/१९ मा माननीय मन्त्रीस्तरीय निर्णयानुसार **विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७** समेत स्वीकृत भै लागू भएको अवस्थामा देहायका मध्ये कुनै एक वा अन्य उपयुक्त पठनपाठनका विधिहरु सम्वन्धित विद्यालयको व्यवस्थापन समितिबाट निर्णय गराई सो को अवलम्वन गरी **मिति २०७७/०६/०७ गते बुधबार** देखि नियमित रुपमा विद्यालय खोली विद्यार्थीहरुको पठनपाठन सूचारु गर्नुहुन सम्वन्धित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई सूचित गरिन्छ।

**देहाय:**

(क) पूर्व प्राथमिक विद्यार्थीहरुको लागि अभिभावक तथा शिक्षकलाई वढी सक्रिय गराई पठानपाठन गर्ने गराउने।

(ख) १०० जना भन्दा कम विद्यार्थीहरु भएका विद्यालयहरुमा नियमित प्रक्रिया मार्फत शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने।

(ग) १०० जना भन्दा वढी विद्यार्थीहरु भएका विद्यालयहरुमा जोर विजोर रोल नम्वरका आधार विद्यार्थीहरुलाई सहभागी गराई शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने।

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner